आज मिति २०८१।१०।१० गते विहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | (हस्ताक्षर) | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | (हस्ताक्षर) | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | (हस्ताक्षर) | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | (हस्ताक्षर) | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | (हस्ताक्षर) | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | (हस्ताक्षर) | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | (हस्ताक्षर) | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | (हस्ताक्षर) | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | (हस्ताक्षर) | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | (हस्ताक्षर) | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | (हस्ताक्षर) | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. श्री उद्गम तिमिल्सिना, वरिष्ठ लेखा अधिकृत, आठौं। (हस्ताक्षर)
२. श्री वासु पण्डित, वरिष्ठ शाखा अधिकृत, आठौं। (हस्ताक्षर)
३. श्री तेज कुमार [illegible] अधिकृत छैटौं (हस्ताक्षर)

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ५०

अध्यक्षताः श्री दान बहादुर गुरुङ

बैठक मितिः २०८१।१०।१०

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।१०।१० | ११:०० बजे | वडा नं. २ स्थित माझ काउले आधारभूत स्वास्थ्य केन्द्रमा खानेपानीको लागि पाइप व्यवस्थापन तथा धारा निर्माण तथा वडा नं. १ को वडा कार्यालय भवन मर्मत सम्बन्धमा। | स्वास्थ्य शाखा | १ |
| २०८१।१०।१० | ११:०५ बजे | सोता बगर तटबन्धन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८१।१०।१० | ११:१० बजे | विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ३ |
| २०८१।१०।१० | ११:१५ बजे | सोनाम ल्होसारको अवसरमा हुन गइरहेको शुभकामना आदानप्रदान तथा विविध साँस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग सम्बन्धमा। | सामाजिक विकास शाखा | ४ |
| २०८१।१०।१० | ११:२० बजे | चेपाङ आवास निर्माण योजनाको लागि लाभग्राही छनौट सम्बन्धमा। | योजना शाखा | ५ |
| २०८१।१०।१० | ११:२५ बजे | सर्वशान्ति माध्यमिक विद्यालय, इच्छाकामना-४, चितवनलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा शाखा | ६ |
| २०८१।१०।१० | ११:३० बजे | भूमी समस्या समाधान आयोग, जिल्ला समिति चितवनलाई प्राविधिक कर्मचारी (अमिन) सेवा करार मार्फत उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | ७ |
| २०८१।१०।१० | ११:३५ बजे | स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को आ.व. २०८०।०८१ को नतिजा स्वीकृत गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| २०८१।१०।१० | ११:४० बजे | ब्लु इनर्जी लिमिटेडद्वारा प्रवर्द्धित सुपर त्रिशुली जल विद्युत आयोजनालाई नदिजन्य पदार्थ उपलब्ध गराउने एवं उक्त नदिजन्य पदार्थ क्रसरमा प्रशोधन गरी आयोजना स्थलसम्म लैजान अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |
| २०८१।१०।१० | ११:४५ बजे | तराई मधेश समृद्धि कार्यक्रमको लागि योजना छनौट सम्बन्धमा। | योजना शाखा | १० |
| २०८१।१०।१० | ११:५० बजे | सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गतका योजना छनौट सम्बन्धमा। | योजना शाखा | ११ |
| २०८१।१०।१० | ११:५५ बजे | प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गतका योजना छनौट सम्बन्धमा। | योजना शाखा | १२ |

| | | | | |
|---|---|---|---|---|
| २०८१।१०।१० | १२:०० बजे | माघे सक्रान्तिको अवसरमा ४ नं. वडा, कमलबारीका मगर समुदायद्वारा आयोजना गरिएको संस्कृति प्रवर्द्धन तथा शुभकामना आदानप्रदान कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | १३ |
| २०८१।१०।१० | १२:०५ बजे | शहिद दिवसको अवसरमा विभिन्न राजनीतिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने शहिदका परिवारलाई सम्मान गर्ने सम्बन्धमा। | प्रशासन शाखा | १४ |
| २०८१।१०।१० | १२:१० बजे | एक वडा एक पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम अन्तर्गत भैंसी पालन कार्यक्रमको लागि वडा छनौट तथा लागत साझेदारीको प्रतिबद्धता सम्बन्धमा। | कृषि विकास शाखा | १५ |
| २०८१।१०।१० | १२:१५ बजे | इच्छाकामना अस्पताल सुपरभिजन कार्यका लागि परामर्श सेवा खरिद कार्यको TOR स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १६ |
| २०८१।१०।१० | १२:२० बजे | आधारभूत तह कक्षा ८ को परिक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | १७ |
| २०८१।१०।१० | १२:२५ बजे | कोट देखि हात्तीबाङ सडक सम्बन्धमा। | योजना शाखा | १८ |

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।०९।२८ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**५० औं कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१:** २ नं. वडा स्थित माझ काउले आधारभूत स्वास्थ्य केन्द्रमा खानेपानीको लागि पाइप व्यवस्थापन तथा धारा निर्माणको काम गर्दा खर्च हुने आवश्यक रकम त्यसै गरी १ नं. वडाको वडा कार्यालय भवनको मर्मत सम्भारको लागि बढिमा रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने।

**निर्णय नं.२:** ४ नं. वडामा पर्ने त्रिशुली नदि किनारको सोता बगर आसपासको नदि कटान जोखिमयुक्त क्षेत्रमा तटबन्धनको लागि योजना तथा बजेट माग गर्न सङ्घीय एवं प्रादेशिक सरकारहरुमा सिफारिस गरी पठाउने।

**निर्णय नं.३:** इच्छाकामना गाउँपालिकाको गाउँ कार्यपालिका अन्तर्गत रहने विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

**निर्णय नं.४:** श्री उग्यानलिङ्ग बौद्ध गुम्वा, इच्छाकामना-७, सुन्दरबस्ती, चितवनले मिति २०८१।१०।१७ गते ५८६१ औं सोनाम ल्होसारको अवसरमा आयोजना आयोजना गर्न लागेको शुभकामना आदानप्रदान तथा विविध साँस्कृतिक कार्यक्रमको लागि सहयोग स्वरुप भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु. ३०,०००।-(अक्षरेपि तीस हजार मात्र) रकम उपलब्ध गराउने।

**निर्णय नं.५:** बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, सहरी विकास तथा भवन कार्यालय, हेटौंडा, मकवानपुरबाट आ.व. २०८१।०८२ मा चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती आवास निर्माण कार्यक्रम (मकवानपुर, चितवन, धादिङ्ग) सम्बन्धी कार्यविधि, २०८० अनुसार कार्यान्वयन हुने आवास निर्माण योजनाको लागि तपसिलमा उल्लिखित विवरण अनुसारका लाभग्राहीहरु छनौट गरी पठाउने।

**तपसिलः**

| क्र.सं. | लाभग्राहीको नाम, थर | ना.प्र.प.न. | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १. | भिम बहादुर चेपाङ |  | १नं. वडा ज्यानदाला | ९८४५००३५१३ |  |
| २. | मन बहादुर चेपाङ |  | १नं. वडा ज्यानदाला | ९८४५००३५१ |  |
| ३. | अमृत बहादुर प्रजा | ११८० | २ नं. वडा हपनी | ९७६५६३६८२५ |  |
| ४. | बुद्ध बहादुर चेपाङ | ३५-०१-७४-०६०३० | ३ नं. वडा फिस्लिङ | - |  |
| ५. | शंतोष बहादुर चेपाङ | ४९०१४ | ४ नं. वडा खैरेनीटार | ९७०१८७८२७९ |  |
| ६. | सम्झना चेपाङ | ५७१/०६२ | ५ नं. वडा | - |  |
| ७. | बिन्दु चेपाङ | ७५०/०४४ | ५ नं. वडा | - |  |
| ८. | मंगलीमाया चेपाङ | ८६६/०३४ | ६ नं. वडा, चारघरे | ९७०८१८२२८९ |  |
| ९. | सन्तमायाँ चेपाङ | ५०८/०६२ | ६ नं. वडा, चारघरे | ९८६५६०२३१९ |  |
| १०. | मन्जु चेपाङ | ३५-०१-७७-१०४२० | ७ नं. वडा झाङझुङ्गे | - |  |

**निर्णय नं.६:** सर्वशान्ति माध्यमिक विद्यालय, इच्छाकामना-४, कुरिनटार, चितवनलाई शैक्षिक संस्था सहायता शिर्षकबाट रु. ५,००,०००।- (अक्षरेपि पाँच लाख मात्र) अनुदान उपलब्ध गराउने।

**निर्णय नं. ७:** भूमी समस्या समाधान आयोग जिल्ला समिति, चितवनलाई भूमी समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा १७(१) को अधिनमा रही बढिमा ६ महिनाको लागि १ जना प्राविधिक कर्मचारी (अमिन) सेवा करारमा लिई उपलब्ध गराउने।

**निर्णय नं.८:** आ.व. २०८०।०८१ को लागि पेश हुन आएको स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) को नतिजा (९६ अङ्क) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को नतिजा (  अङ्क) स्वीकृत गरी सार्वजनिक गर्ने।

**निर्णय नं.९:** ब्लू इनर्जी लिमिटेडद्वारा प्रवर्द्धित सुपर त्रिशुली जल विद्युत आयोजना (१००मे.वा.) लाई बागमती प्रदेश सरकारद्वारा जारी आर्थिक ऐन, २०८१ र गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही अग्रिम राजश्व दाखिला गर्ने गरी यस गाउँपालिका क्षेत्रभित्र पर्ने IEE स्वीकृत भई म्याद कायम रहेका नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ उपलब्ध गराउने र उक्त आयोजनाले अस्थायी क्रसर स्थापनाको लागि स्वीकृति माग गरेकोमा अस्थायी क्रसर स्थापनाको लागि स्वीकृति प्रदान गर्न नसकिने भएकोले आयोजनाले गाउँपालिकाबाट खरिद गरेको नदिजन्य पदार्थ इच्छाकामना-४, चितवनमा रहेको अस्थायी क्रसर उद्योगबाट प्रशोधन गरी आयोजना स्थलसम्म लैजानको लागि अनुमति प्रदान गर्ने।

**निर्णय नं.१०:** आ.व. २०८२।०८३ को लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका योजनाहरुको देहाय बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

देहायः

| तराई मधेश समृद्धि कार्यक्रम तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | सिमलढाप सडक कालोपत्रे | ७ | १ करोड |
| २. | रा.आ.वि. चनौटे पूर्वाधार निर्माण | ६ | १ करोड |
| ३ | सिमलढाप बाघखोर तटबन्धन | ७ | १ करोड |

**निर्णय नं.११:** आ.व. २०८२।०८३ को लागि सङ्घीय समपुरक तथा सङ्घीय विशेष अनुदान तर्फका योजनाहरुको देहाय बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

देहायः

| सङ्घीय समपुरक अनुदान तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | जलविरे-ढुङ्ग्रे सडक स्तरोन्नती | ६ | २ करोड |
| २. | कुरिनटार लामिडाँडा स्याकलाङ सडक स्तरोन्नती | ४ | २ करोड |
| सङ्घीय विशेष अनुदान तर्फका योजनाहरु | | | |
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | विपन्न चेपाङ आवास कार्यक्रम | सबै | ३ करोड |

**निर्णय नं.१२:** आ.व. २०८२।०८३ को लागि प्रदेश समपुरक तथा प्रदेश विशेष अनुदान तर्फका योजनाहरुको देहाय बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने।

**देहायः**

| प्रदेश समपुरक अनुदान तर्फका योजनाहरु | | | |
|---|---|---|---|
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | मुग्लिङ्ग-तामिन-किटस्वरा सडक स्तरोन्नती | ५ | २ करोड |
| २. | कालीखोला-आधामारा सडक स्तरोन्नती | ६ | २ करोड |
| ३. | जलविरे-ढुङ्ग्रे सडक स्तरोन्नती | ६ | २ करोड |
| ४. | वर्ल्याङ हपनी सडक स्तरोन्नती | २ | २ करोड |
| ५. | चौतारा-इच्छाकामना सडक स्तरोन्नती | ३ | २ करोड |
| **प्रदेश विशेष अनुदान तर्फका योजनाहरु** | | | |
| प्राथमिकता क्रम | योजनाको नाम | वडा नं. | बजेट (रु.) |
| १. | ढुङ्ग्रे मा.वि., इ.गा.पा.-६, चितवन विद्यालय भवन निर्माण | ६ | २ करोड |

**निर्णय नं.१३:** मिति २०८१ साल माघ १ गते माघे सक्रान्तिको अवसरमा ४ नं. वडा कमलबारीका मगर समुदायहरुको आयोजनामा संस्कृति प्रवर्द्धन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएकोले उक्त कार्यक्रमलाई सहयोग स्वरुप भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु. २५,०००।-(अक्षरेपि पच्चीस हजार मात्र) रकम उपलब्ध गराउने।

**निर्णय नं.१४:** विभिन्न राजनीतिक आनदोलनमा सहादत प्राप्त गर्नुहुने यस गाउँपालिकाका तपसिलमा उल्लिखित शहिदहरुको योगदानको उच्च कदर गर्दै २०८१ साल माघ १६ गतेको शहिद दिवसको दिन सहिदका परिवारहरुलाई नगद रु. ५,०००।- (अक्षरेपि पाँच हजार मात्र) सहित सम्मान गर्ने।

**तपसिलः**

| क्र.सं. | शहिदको नाम | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | दशरथ चेपाङ | इ.गा.पा.-२, चितवन | |
| २. | सन्त बहादुर चेपाङ | इ.गा.पा.-२, चितवन | |
| ३. | चन्द्र बहादुर चेपाङ | इ.गा.पा.-२, चितवन | |
| ४. | जिवन बुढाथोकी | इ.गा.पा.-२, चितवन | |
| ५. | चन्द्र बहादुर गुरुङ | इ.गा.पा.-३, चितवन | |
| ६. | लक्ष्मण सिलवाल | इ.गा.पा.-४, चितवन | |

**निर्णय नं.१५:** कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडाबाट आ.व. २०८१।०८२ मा सञ्चालन हुने एक वडा एक पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम अन्तर्गत भैंसी पालन कार्यक्रमको लागि यस गाउँपालिकाको ४ नं. वडा छनौट गरी उक्त कार्यक्रमको लागि गाउँपालिकाले बेहोर्नुपर्ने लागत साझेदारी समेत बेहोर्ने प्रतिबद्धता सहित कार्यक्रम माग गर्ने।

**निर्णय नं.१६:** यस गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन १५ शैयाको इच्छाकामना अस्पतालको निर्माण कार्यको सुपरभिजन गर्न परामर्श सेवा खरिदको लागि पेश हुन आएको TOR स्वीकृत गर्ने।

**<u>निर्णय नं.१७</u>:** आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद-२, दफा ३ बमोजिम तपसिल अनुसारको परीक्षा समिति गठन गर्ने।

<u>तपसिलः</u>

१. श्री चन्द्रकान्त बस्नेत, प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. श्री इन्द्रमाया लामा, शिक्षक, त्रिवेणी बराह मा.वि., मुग्लिङ्ग - सदस्य

३. श्री देव वहादुर गुरुङ, शिक्षक, रा.आ.वि. खेतबारी - सदस्य

४. श्री दिपक श्रेष्ठ, शिक्षक, मर्स्याङ्दी इङ्लिस बोर्डिङ स्कूल, मुग्लिङ्ग - सदस्य

५. श्री पुष्करराज विष्ट, शिक्षा अधिकृत - सदस्य-सचिब

**<u>निर्णय नं.१८</u>:** कोट देखि हात्तीवाङ सडक स्तरोन्नतीको कार्य चालु आ.व. २०८१।०८२ मा सम्पन्न हुने भएकोले उक्त आयोजनाको लागि आगामी आ.व. २०८२।०८३ मा क्रमागत आयोजना अन्तर्गत राखी सङ्घीय समपुरक योजनाको लागि बजेट माग नगर्ने।

दान बहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष